# कफीको वगैंचा व्यवस्थापन वार्षिक कार्यतालिका


## बैशाख महिनामा गरिने मुख्य मुख्य कार्यहरू

| कफी नर्सरीमा के गर्ने | नयाँ रोपण गर्ने र रोपण गरिएका कफी वगैंचामा के गर्ने | ४/५ वर्ष पुराना कफी वगैंचामा के गर्ने |
|---|---|---|
| नर्सरीको नियमित अनुगमन गर्ने । | प्राविधिकको प्रत्यक्ष संलग्नतामा वगैंचा रेखाङ्कन गर्ने २-२.५ मि.x२-२.५मि.) । | वगैंचाको नियमित रेखदेख गरी नयाँ पलाए का पालुवाहरूको अवस्था अनुगमन गर्ने । |
| नर्सरीको चिस्यानको अवस्था हेरी सिंचाई गर्ने । कफी वीउ उम्रीएको भए तुरुन्तै छापो हटाइ छाप्रो वनाउने । | कफीका बिरूवाको अवस्थाको आकलन गर्ने । | सेतो गंवारोको प्रकोप देखिएको छ छैन प्रत्येक बोट नियालेर हेर्ने । |
| बालुवा, मल र माटो को १:२:३ अनुपात को मिश्रण तयार गरि ५x७ वा ६x८ इन्च आकारको पोलि ब्यागमा भर्ने त्यसपछि टोपे अवस्थामा आएका बेर्ना हरू पोली ब्यागमा सार्ने । | रेखाङ्कनको आधारमा खाडल खन्ने खाडल को आकार १.५-२ फिट x १.५-२ फिट) खाडल खानिसके पछि कम्तिमा एक हप्ता घाममा सुक्न दिने । | सेतो गंवारोको प्रकोप देखिएमा पुरै बोट उखेलेर जलाउने र त्यससंगै नयाँ बिरुवा रोप्ने । |
| बेर्ना सारी सकेपछि हजारीको सहायताले हलुका सिंचाई गर्ने विउ रोप्न ढिलो भए को अवस्थामा नर्सरी व्याडमा कफीको विउ रोप्न सकिने । | खाडल खनेको १५/२० दिनमा माटो +कम्पोस्टमल (५ कि.ग्रा) + तोरीको पीनां (२००ग्राम)+कृषि चुन (२००ग्राम) मिश्रण बनाई जमिनको सतह भन्दा एक बित्ता (१५ से.मी.) अग्लो हुने गरि खाडल पुर्ने । | पोथी गंवारो आकर्षित हुने मदाने पासोको प्रयोग गर्ने (व्यवस्थापन को लागि प्रति रोपनी ५ वटा वा प्रति २० बोटमा एक वटा पासो राख्ने कफी वगैंचामा काटछाँट गर्ने । |
| | बगैंचाको नियमित अनुगमन गरि समस्या हरूको पहिचान गर्ने बगैंचामा गोडमेल गर्ने, अनावश्यक हाँगाहरु हटाउने हलेदो, वेसार, कोशेवाली अन्तर्वालीको रुपमा लगाउने । | कम्पोस्ट मल, झोलमल, तथा बानस्पतिक बिषादी बनाई आवस्यकता अनुसार प्रयोग गर्ने (फल लागेको हेरिकन मलको मात्रा प्रति बोट २५५ सम्म अघिल्लो वर्ष दिईए को मात्रामा थप गर्ने । |
| | सुख्खा मौसम छ भने हरेक एक हप्तामा सिंचाईको व्यवस्था मिलाउने । | मौसमको अवस्था हेरी सिंचाईको प्रबन्ध मिलाउने । |

## जेष्ठ महिनामा गरिने मुख्य मुख्य कार्यहरू

| कफी नर्सरीमा के गर्ने | नयाँ रोपण गर्ने र रोपण गरिएका कफी वगैंचामा के गर्ने | ४/५ वर्ष पुराना कफी वगैंचामा के गर्ने |
|---|---|---|
| नर्सरीको नियमित अनुगमन गर्ने । | प्राबिधिकको प्रत्यक्ष संलग्नतामा वगैंचा रेखाङ्कन गर्ने । | |
| नर्सरीको चिस्यानको अवस्था हेरी सम्भव भएसम्म फोहरा सिंचाई गर्ने । | नर्सरीमा रहेका कफीका बिरूवाको अवस्थाको आंकलन गर्ने । | सेतो गवारोको प्रकोप देखिएको छ छैन प्रत्येक बोट नियालेर हेर्ने । |
| टोपे (पुतली अवस्था आउनु अघि) अवस्थामा आएका बेर्नाहरू पोली ब्याग मा सार्ने (जति सक्यो छिटो) । | कफी नर्सरीमा ०.५ प्रतिशतको बोडो -मिश्रण बनाई पातको भित्र बाहिर एकनासले पर्ने गरि छर्ने । | सेतो गंवारोको प्रकोप देखिएमा पुरै बोट उखेलेर जलाउने । |
| पोलीव्यागमा बेर्ना सारीसकेपछि हजारी को सहायताले हलुका सिंचाई गर्ने । | रेखाङ्कनको आधारमा खाडल खन्ने । स्थायी तथा अस्थायी छहारीका लागि बहु उपयोगी हुने फलफूल, रुख, कटहर, लिची आदि तथा कोशेबाली रहर, मेंडुला, इपिल-ईपिल लगायतका बिरूवा रोपण गर्ने । | पोथी गंवारो आकर्षित हुने मदाने पासोको प्रयोग गर्ने । |
| अघिल्लो महिना पोलीमा रोपिएका बिरूवामा झार आएको भए हटाउने । | खाडल खनेको १५/२० दिनमा माटों कम्पोस्टमलंपीनांचुनको मिश्रण बनाई जमिनको सतह भन्दा १५ से.मी. (एक बित्ता) अग्लो हुने गरि खाडल पुर्ने । | कम्पोस्टमल, झोलमल तथा बानस्पतिक बिषादी १:१० को पानीमा मिश्रण बनाई आवश्कता अनुसार प्रयोग गर्ने । |
| वेर्ना सारेको दोश्रो महिनामा झोलमल छर्ने । | सिंचाईको प्रबन्ध मिलाई मुख्य जमिनमा कफी बिरूवा रोपण गर्ने र १/२ ईन्च बाक्लो हुने गरि फेदको वरिपरि छापो राख्ने (तत्कालिन छहारीको लागि खर वा सुकेको घाँसको छाप्रो बनाउने) मौसमको अवस्था हेरी गोडमेलसिंचाईको प्रबन्ध मिलाउने । | |

## अषाढ महिनामा गरिने मुख्य मुख्य कार्यहरू

| कफी नर्सरीमा के गर्ने | नयाँ रोपण गर्ने र रोपण गरिएका कफी वगैंचामा के गर्ने | ४/५ वर्ष पुराना कफी वगैंचामा के गर्ने |
|---|---|---|
| पोलीब्यागमा रोपिएका बेर्नामा फेद सड्ने रोगको प्रकोप देखिन सक्ने हुदा सावधानी अपनाउने । | नर्सरीमा रहेका कफीका बिरूवाको अवस्थाको आकलन गर्ने । | घुसुवा तथा अन्तरबालीको रूपमा कोशे बाली, मसलाजन्य बालीहरू लगाउने । |
| नर्सरीमा चिस्यानको मात्रा बढी हुन सक्ने हुँदा पानीको निकासको प्रबन्ध मिलाउने । | बिरूवाको छनोट गर्दा कम्तीमा ६ जोडी पात भएका स्वस्थ्य बिरूवा लगाउने । | सेतो गंवारोको प्रकोप देखिएको छ छैन प्रत्येक बोट नियालेर हेर्ने । |
| अघिल्लो महिना पोलीव्यागमा रोपिएका बिरूवामा झार आएको भए हटाउने । | बिरूवा रोपण गरि सकेपछी बिरूवामा टेका दिने । | सेतो गंवारोको प्रकोप देखिएमा पुरै बोट उखेलेर जलाउने र ग्याप फिलिङ्ग गर्ने । |
| कफी नर्सरीमा ०.५ प्रतिशतको बोर्डोमिश्रण बनाई पातको भित्र बाहिर एकनासले पर्ने गरि छन् । | कम्पोस्टमल, झोलमल, तथा बानस्पतिक बिषादी बनाई आवस्यकता अनुसार प्रयोग गर्ने । | पोथी गंवारो आकर्षित हुने मदाने पासोमा गंवारोको माउ परे नपरेको हेर्ने । |
|  | मुख्य जमिनमा कफी बिरूवा रोपण गर्ने र १/२ ईन्च बाक्लो हुने गरि फेदबाट १ हात वरिपरी छापो राख्ने । | झोलमल, तथा बानस्पतिक बिषादी बनाई आवस्यकता अनुसार प्रयोग गर्ने । |
| | वगैंचा सरसफाई गर्ने अस्थाई छहारीको रूपमा धैंचा, रहर, ईपिलईपील आदिको विउ रोप्ने । | ०.५/१.० प्रतिशतको बोर्डोमिश्रण बनाई वगैंचामा एकनासले छर्ने । |

## श्रावण महिनामा गरिने मुख्य मुख्य कार्यहरू

| कफी नर्सरीमा के गर्ने | नयाँ रोपण गर्ने र रोपण गरिएका कफी वगैंचामा के गर्ने | ४/५ वर्ष पुराना कफी वगैंचामा के गर्ने |
|---|---|---|
| पोली ब्यागमा रोपिएका बेर्नामा फेद सड्ने रोगको प्रकोप देखिन सक्ने हुँदा सावधानी अपनाउने । | कफीका बिरूवा रोपिएका वगैंचाहरूमा नियमित अवलोकन गर्ने । | अनावस्यक रूपमा बढी आएका बाक्ला र चोर हाँगाहरू सिकेचरको सहायताले हटाउने । |
| नर्सरीमा चिस्यानको मात्रा बढी हुन सक्ने हुँदा पानीको निकासको प्रबन्ध मिलाउने । | झोलमल तथा बानस्पतिक बिषादी बनाई आवस्यकता अनुसार प्रयोग गर्ने । | फलको वृद्धिबिकासको अवस्था हेरी सूक्ष्म खाद्यतत्वको प्रयोग गर्ने । |
| अघिल्लो महिना पोलीमा रोपिएका बिरूवामा झार आएको भए हटाउने । | मुख्य जमिनमा रोपण गरिएका कफी बीरूवामा १/२ ईन्च बाक्लो हुने गरि फेदबाट १ हात वरिपरी छापो राख्ने । | झोलमल, तथा बानस्पतिक बिषादी बनाई आवस्यकता अनुसार प्रयोग गर्ने । |
| पोलीब्यागमा सारिएका बिरूवामा ०.५ प्रतिशतको बोर्डोमिश्रण बनाई पातको भित्र बाहिर एकनासले पर्ने गरि छन् । | कफी वगैंचा वरिपरि पलाएका घाँस काटी वगैंचा सफा राख्ने । | पानी नपरेको बेला ०.५/१ प्रतिशतको बोर्डोमिश्रण बनाई वगैंचामा सम्पूर्ण पात हरुमा पर्ने गरि एकनासले छर्ने । |
| नर्सरी सेडहाउसमा एग्रोनेट र साधारण प्लास्टिकको प्रयोग गर्ने, गोडमेल गर्ने । | अस्थाई छहारीको रूपमा रोपिएका धैंचा, रहर, इपिलइपील आदिको बीउ नउम्रीएको भए पुन: रोप्ने । | पानीको निकासको प्रबन्ध मिलाउने । |
| | ०.५ प्रतिशतको बोर्डोमिश्रण बनाई वगैंचामा एकनासले छर्ने । | कफी वगैंचा वरिपरि पलाएका घाँस काटी वगैंचा सफा राख्ने । |

## भाद्र महिनामा गरिने मुख्य मुख्य कार्यहरू

| कफी नर्सरीमा के गर्ने | नयाँ रोपण गर्ने र रोपण गरिएका कफी वगैंचामा के गर्ने | ४/५ वर्ष पुराना कफी वगैंचामा के गर्ने |
|---|---|---|
| पोली ब्यागमा रोपिएका बेर्नामा फेद सड्ने रोगको प्रकोप देखिन सक्ने हुदा सावधानी अपनाउने । | कफीका बिरूवा रोपिएकावगैंचाहरूमा नियमित अवलोकन गर्ने, ५ फीटको उचाइमा आएका बिरूवाको टुप्पा काट्ने । | अनावस्यक रूपमा बढी आएका बाक्ला र चोर हाँगाहरू सिकेचरको सहायताले हटाउने । |
| नर्सरीमा चिस्यानको मात्रा बढी हुन सक्ने हुँदा पानीको निकासको प्रबन्ध मिलाउने । | झोलमल तथा बानस्पतिक बिषादी बनाई आवस्यकता अनुसार प्रयोग गर्ने । | फलको वृद्धि बिकासको अवस्था हेरीकफीमा विशेष गरेर आइरन, जिंक, म्यान्गानिज, बोरन आदि जस्ता सूक्ष्म खाद्यतत्वहरु कमी देखिने भएकोले ति खाद्य तत्वहरु भएको सूक्ष्म तत्वको झोल पातमा प्रयोग गर्ने । |
| पोलीमा रोपीएका विरूवामा झार आए को भए हटाउने । | मुख्य जमिनमा रोपण गरिएका कफी बिरूवामा जमिनको सतहमा लत्रीएका सहायक हाँगाहरू हटाउने । | झोलमल, तथा बानस्पतिक बिषादी बनाई आवस्यकता अनुसार प्रयोग गर्ने । |
| पोली ब्यागमा सारिएका बिरूवामा ०.५ प्रतिशतको बोर्डोमिश्रण बनाई पातको भित्र बाहिर एकनासले पर्ने गरि छर्ने । | कफी वगैंचा वरीपरी पलाएका घाँस काटी वगैंचा सफा राख्ने । | महिनाको अन्त्यतिर वर्षा हुने क्रम रोकिए पछि ०.५/१ प्रतिशतको बोर्डोमिश्रण बनाई वगैंचामा एकनासले छर्ने । |
| नर्सरी सेडहाउसमा ७५ मेसको एग्रोनेट को प्रयोग गर्ने । | छहारी प्रबन्ध मिलाउने, अधिक छहारी हटाई हावा खेल्न मिल्ने गरि व्यवस्थापन गर्ने । | पानीको निकासको प्रबन्ध मिलाउने । |
|  | कफीको सेतो गंवारोले फुल पार्ने मौसम भएकोले महिनाको पहिलो हप्तामा काण्डमा खस्रो कपडा वा जुटको बोराले रगडने,१-५% सम्मको बोर्डो पेस्ट बनाई काण्डमा लेप लगाउने वा रातो माटो र गोबरको लेप बनाई काण्डमा (२ वर्षका बोटमा) लगाउने । | कफीको सेतो गंवारोले फुल पार्ने मौसम भएकोले महिनाको पहिलो हप्तामा काण्डमा खस्रो कपडा वा जुटको बोराले रगडने र १-५% सम्मको बोर्डो पेस्ट बनाई काण्डमा लेप लगाउने वा रातो माटो र गोबरको लेप बनाई काण्डमा लगाउने । मदाने पासो को नियमित अनुगमन गर्ने । कफी वगैंचा वरीपरी पलाएका घाँस काटी वगैंचा सफा राख्ने, अधिक छहारी हटाई हावा खेल्न मिल्ने गरि व्यवस्थापन गर्ने । |

## आश्विन महिनामा गरिने मुख्य मुख्य कार्यहरू

| कफी नर्सरीमा के गर्ने | नयाँ रोपण गर्ने र रोपण गरिएका कफी वगैंचामा के गर्ने | ४/५ वर्ष पुराना कफी वगैंचामा के गर्ने |
|---|---|---|
| पोली ब्यागमा रोपिएका बेर्नाको वृद्धि विकासको अवस्था हेरी बाक्लो भए बिरूवामा हावा खेल्ने गरी बिरूवा मिलाएर राख्ने । | कफीका बिरूवा रोपिएका वगैंचाहरूमा नियमित अवलोकन गर्ने। ५र ५.५ फीट को उचाइमा आएका विरूवाको टुप्पा काट्ने, चोर हाँगाहरु हटाउने । | फलको बृद्दि बिकासको अवस्था हेरी सूक्ष्म तत्वको प्रयोग गर्ने । |
| पोलीमा रोपिएका बिरूवामा झार आएको भए हटाउने । | झोलमल तथा बानस्पतिक बिषादी बनाई आवस्यकता अनुसार प्रयोग गर्ने। | झोलमल, तथा बानस्पतिक बिषादी बनाई आवस्यकता अनुसार प्रयोग गर्ने र कम्पोस्ट मल बनाउने । |
| पोलीब्यागमा सारिएका बिरूवामा आश्विनको पहिलो हप्तामा ०.५ प्रतिशतको बोर्डोमिश्रण बनाई पातको भित्र बाहिर एकनासले पर्ने गरि छर्ने । | मुख्य जमिनमा रोपण गरिएका कफी बिरूवामा जमिनको सतहमा लत्रीएका सहायक हाँगाहरू हटाउने । | सेतो गंवारोको प्रकोप देखिएको छ छैन प्रत्येक बोट नियालेर हेर्ने । |
| नर्सरी सेडहाउसमा ७५% प्रकाश छेक्ने एग्रोनेट राख्ने । | कफी वगैंचा वरिपरि पलाएका घाँस काटी वगैंचा सफा राख्ने । | पोथी गंवारो आकर्षित हुने मदाने पासोको प्रयोग गर्ने र गंवारोको माउ परे नपरेको हेर्ने । |
| नर्सरीमा तयारि झोलमललाई १:१० को अनुपातमा प्रयोग गर्ने । | मल्चिङ्ग तथा छहारीको प्रबन्ध मिलाउने । | अनावश्यक रूपमा बढी आएका बाक्ला र चोर हाँगाहरू हटाउन बाँकि भए सिकेचर को सहायताले हटाउने । |
| | जैविक तथा प्राङ्गारिक मलको प्रयोग गर्ने । | कफी वगैंचामा जैविक तथा प्राङ्गारिक मलको प्रयोग साथै १.० प्रतिशतको बोर्डोमिश्रण बनाई वगैंचामा एकनासले छर्ने । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन इकाई, गुल्मी

## कार्तिक महिनामा गरिने मुख्य मुख्य कार्यहरू

| कफी नर्सरीमा के गर्ने | नयाँ रोपण गर्ने र रोपण गरिएका कफी वगैंचामा के गर्ने | ४/५ वर्ष पुराना कफी वगैंचामा के गर्ने |
|---|---|---|
| पोलीब्यागमा रोपिएका बेर्नाको वृद्धि विकासको अवस्था हेरी बाक्लो भए बिरूवामा हावा खेल्ने गरी बिरूवा मिलाएर राख्ने । | कफीका बिरूवा रोपिएका वगैंचाहरू मा नियमित अवलोकन गर्ने । | फलको वृद्धिबिकासको अवस्थाको बारेमा विशेषज्ञहरूसंग परामर्स सेवा लिने । |
| पोलीब्यागमा रोपिएका विरूवामा झार आएको भए हटाउने । | झोलमल तथा वानस्पतिक बिषादी बनाई आवस्यकता अनुसार प्रयोग गर्ने । | कफी वगैंचामा जैबिक मलको प्रयोग गर्ने । |
| पोलीब्यागमा सारिएका विरूवामा सूक्ष्म खाद्यतत्वको प्रयोग गर्ने । | कफी बिरूवालाई चिसो बाट बचाउन आवस्यक पूर्व तयारी गरि राख्ने, (छहारी बोटको व्यवथापन गर्ने) । | सरोकारवाला निकायसंग समन्वय गरी कफी बजारको सुनिश्चितता गर्ने । |
| नर्सरी सेड हाउसमा एग्रोनेट र साधारण सिलपोलिन प्लास्टिकको प्रयोग गर्ने । | मल्चिङ्ग तथा छहारीको प्रबन्ध मिलाउने । | मल्चिङ्ग तथा छहारीको प्रबन्ध मिलाउने । |
| नर्सरीमा झोलमलको प्रयोग गर्ने । | जैविक तथा प्राङ्गारिक मलको प्रयोग गर्ने । | कफी वगैंचावगैंचाको नियमित अवलोकन गर्ने । |
| गाईवस्तुको पिसाब संकलन गरि मात्रा मिलाई प्रयोग गर्ने (१:१० को अनुपात मा पानीमा मिसाई प्रयोग गर्ने) । | चिसोबाट कफी वगैंचा बचाउन जन-चेतना अभियान सञ्चालन गर्ने । | सेतो गंवारोले आक्रमण गरेका बोटहरु उखेलेर नस्ट गर्ने (त्यहि ठाउँमा खाडल खानी आउदो बैशाख, जेष्ठमा नयाँ विरुवा रोप्ने) । |

## मंसीर महिनामा गरिने मुख्य मुख्य कार्यहरू

| कफी नर्सरीमा के गर्ने | नयाँ रोपण गर्ने र रोपण गरिएका कफी वगैंचामा के गर्ने | ४/५ वर्ष पुराना कफी वगैंचामा के गर्ने |
|---|---|---|
| पोली ब्यागमा रोपिएका बेर्नाको वानस्पतिक बृद्धिको अवस्था हेरी बाक्लो भए बिरूवामा हावा खेल्ने गरी बिरूवा मिलाएर राख्ने । | कफीका बिरूवा रोपिएका वगैंचाहरूमा नियमित अवलोकन गर्ने । | फलको वृद्धि बिकास र गुणस्तरको बारेमा बिशेषज्ञहरू संग परामर्स सेवा लिने । |
| पोलीमा रोपिएकाविरूवामा झार आएको भए हटाउने । | झोलमल तथा बानस्पतिक बिषादी बनाई आवस्यकता अनुसार प्रयोग गर्ने । | कलेजी रंगमा परिणत भई पाकेका अगौटेचेरीहरू टिप्न सुरू गर्ने (८००-९०० मि. सम्मको उचाई र दक्षिण पूर्वी मोहडामा मंसिर दोश्रो हप्तादेखि पाक्न सुरु गर्छ । |
| पोली ब्यागमा सारिएका बिरूवामा सूक्ष्म खाद्यतत्वको प्रयोग गर्ने । | कफी बिरूवालाई चिसो बाट बचाउन स्थानीयस्तरमा पाइने घाँस, बिरूवाका हाँगा काटी कफी बिरूवालाई चारैतिरबाट छोप्ने । | कफी खरिदकर्ता संग समन्वय गरी फ्रेस चेरी, ड्राई चेरी र पार्चमेन्टको बारेमा कफी बजारको सुनिश्चितता गर्ने । |
| नर्सरी सेड हाउसमा चारै तर्फ एग्रोनेट र सिलपोलीनको प्लाष्टिकको प्रयोग गर्ने । | मल्चिङ्ग तथा छहारीको प्रबन्ध मिलाउने । | मल्चिङ्ग तथा छहारीको प्रबन्ध मिलाउने । |
| नर्सरीमा झोलमलको प्रयोग गर्ने । | जैविक तथा प्राङ्गारिक मलको प्रयोग गर्ने । | कफी वगैंचाको नियमित अवलोकन गर्ने । |
| पशुवस्तुको पिसाब संकलन गरि मात्रा मिलाई प्रयोग गर्ने । | चिसोबाट कफी बगैंचा बचाउन जनचेतना अभियान सञ्चालन गर्ने । | कफी वगैंचामा जैबिक मलको प्रयोग गर्ने । |

## पुष महिनामा गरिने मुख्य मुख्य कार्यहरू

| कफी नर्सरीमा के गर्ने | नयाँ रोपण गर्ने र रोपण गरिएका कफी वगैंचामा के गर्ने | ४/५ वर्ष पुराना कफी वगैंचामा के गर्ने |
|---|---|---|
| पोली ब्यागमा रोपिएका बेर्नाको बानस्पतिक बृद्धीको अवस्था हेरी नर्सरीमा मिलाएर राख्ने । | कफीका बिरूवा रोपिएका वगैंचाहरूमा नियमित अवलोकन गर्ने । | कलेजी रंगमा परिणत भई पाकेका चेरीहरू टिप्ने ९००-१००० मि. उचाई र उत्तर पूर्वी मोहडामा पौष महिनादेखि पाक्न शुरु हुन्छ । |
| पोलीब्यागमा रोपिएका बीरूवामा झार आएको भए हटाउने । | झोलमल तथा बानस्पतिक बिषादी बनाई आवस्यकता अनुसार प्रयोग गर्ने । | कफी खरिदकर्ता संग समन्वय गरी फ्रेस चेरी, ड्राई चेरी र पार्चमेन्टको बारेमा कफी बजारको सुनिश्चित गर्ने । |
| पोली ब्यागमा सारिएका बिरूवामा सूक्ष्म खाद्यतत्वको प्रयोग गर्ने । | कफी बिरूवालाई चिसोबाट बचाउन स्थानीयस्तरमा पाइने घाँस, बिरूवाका हाँगा काटी कफी बिरूवालाइ चारैतिरबाट छोप्ने । | कफी विरूवामा प्रयोग गर्न कम्पोस्टमल, जैबिक तथा प्रङ्गारीक मलको ब्यवस्था मिलाउने |
| नर्सरी सेडहाउसमा चारै तर्फ एग्रोनेट र साधारण सिलपोलिन प्लास्टिकको प्रयोग गर्ने । | मल्चिङ्ग तथा छहारीको प्रबन्ध मिलाउने | छापो तथा छहारीको प्रबन्ध मिलाउने । |
| नर्सरीमा झोलमलको प्रयोग गर्ने । | जैबिक तथा प्रङ्गारीक मलको प्रयोग गर्ने | कफी वगैंचाको नियमित अवलोकन गर्ने । |
| माउबोटबाट बीउ संकलन गर्ने कार्य सुरु गर्ने । | आवस्यकता अनुसार विरूवामा तालिम तथा काटछाँटका कार्यहरू गर्ने । | |

| नर्सरीमा बोर्डो मिश्रण ६ पटक छर्ने | झोलमल र बनस्पति जन्य विषादी ३/३ पटक छर्ने |
|---|---|
| १. रोपेको दुई महिना भित्र ।<br>२. पहिलो पटक छरेको दुई महिना भित्र ।<br>३. दोश्रो पटक छरेको ४५-६० दिन पछि ।<br>४. चौथो, पाचौंर छैठौं पटक आवश्यकता अनुसार जाडो महिना अघि र जाडो याम सकिने बित्तिकै । | १. वेर्ना पोलिव्यागमा सारेको १ महिनापछि झोलमल छर्ने, झोलमल छरेको एक हप्तापछि वनस्पति जन्य विषादी छर्ने ।<br>२. पहिलो पल्ट बोर्डो मिश्रण छरेको एक महिना पछी ।<br>३. दोश्रो पल्ट बोर्डो मिश्रण छरेको एक महिना पछी ।<br>४.जाडो समयमा झोल मल र वनस्पतिजन्य विषादी नछर्ने, जाडो मौसम सकिएपछि तेश्रो पल्ट छर्ने । |

| बोर्डो मिश्रण बोटहरुमा कम्तिमा ३ पटक छर्ने | काटछाँटको कहिले कसरी गर्ने |
|---|---|
| १. वर्षा शुरु हुन पूर्व ।<br>२. वर्षा सकिने वित्तिकै ।<br>३. जाडो शुरु हुनु पूर्व र थप आवश्यकता अनुसार | १. अन्तिम पटकको फल रचेरी टिपाईसगैं पहिलो काँटछाँट तालिम गर्ने ।<br>२. चैत्र वैशाखमा आउने अनावश्यक सकर (मूल काण्डवाट पलाउने), हाँगा, मुना हटाउने ।<br>३. श्रावण भाद्रमा पलाउने सकर, मुना, हाँगा यस वाहेक कुनै पनि महिनामा पलाएका अनावश्यक मुनाहरु हटाउने । |

## माघ महिनामा गरिने मुख्य मुख्य कार्यहरू

| कफी नर्सरीमा के गर्ने | नयाँ रोपण गर्ने र रोपण गरिएका कफी वगैंचामा के गर्ने | ४/५ वर्ष पुराना कफी वगैंचामा के गर्ने |
|---|---|---|
| पोलीब्यागमा रोपिएका बेर्नाको बानस्पतिक वृद्धिविकासको अवस्था हेरी नर्सरीमा मिलाएर राख्ने । | कफीका बीरूवा रोपिएका वगैंचा हरूमा नियमित अवलोकन गर्ने । | कलेजी रंगमा परिणत भई पाकेका चेरीहरू टिप्ने । |
| नर्सरी सेडहाउसमा चारै तर्फ एग्रोनेट र साधारण सिलपोलिन प्लास्टिकको प्रयोग गर्ने । | झोलमल तथा बानस्पतिक बिषादी बनाई आवस्यकता अनुसार प्रयोग गर्ने । | कफी खरिदकर्ता संग समन्वय गरी फ्रेस चेरी, ड्राई चेरी र पार्चमेन्टको बारेमा कफी बजारको सुनिश्चित गर्ने । |
| पोली ब्यागमा सारिएका बिरूवामा सूक्ष्म खाद्यतत्वको प्रयोग गर्ने । | कफी बिरूवालाई चिसोबाट बचाउन स्थानीय स्तरमा पाइने घाँस, बिरूवाका हाँगा काटी कफी बिरूवालाइ चारैतिर बाट छोप्ने । | कफी बिरूवामा काटछाँट, कम्पोस्टमल, जैविक तथा प्राङ्गारिक मलको प्रयोग गर्ने । |
| नर्सरीमा झोलमलको प्रयोग गर्ने । | मल्चिङ्ग तथा छहारीको प्रबन्ध मिलाउने । | मल्चिङ्ग तथा छहारीको प्रबन्ध मिलाउने |
| माउबोटबाट बीउ संकलन गर्ने, राम्रो खरानीमा मोलेर १/२ हप्ता छायाँमा सुकाउने, कार्य नियमित रूपमा गर्ने । | दोस्रो र तेस्रो वर्षका विरुवाहरुलाई माटो को उर्वराशक्ति अनुसार बोटको काण्ड बाट एक फिट टाढा हाँगा पुगेसम्म (Crop Canopy) आधार मानी वरिपरी अघिल्लो वर्षको १०(१५ प्रतिशत सम्म मल थप्ने । | कफी वगैंचाको नियमित अवलोकन गर्ने, उत्पादनको आधार र बजारको अवस्था हेरी संकलित पाकेका चेरीको पल्पिङ्ग गर्ने, पार्चमेन्टलाई हावा नखेल्ने भाँडोमा बन्द गरि २४-४८ घण्टा राख्ने त्यसपछि पानीले धोएर प्लास्टिक घरभित्र सुकाउने । |
| कफी नर्सरी ब्याडको तैयारी गर्ने (शत प्रतिशत बालुवाको व्याड तयारि गरिने । | आवश्यकता अनुसार विरूवामा तालिम तथा काटछाँटका कार्यहरू गर्ने कफीको सेतो गवाँरोले फुल पार्ने मौसम सुरु हुने भएकोले व्यवस्थापनका उपायहरु अबलम्बन गर्ने । | १.० प्रतिशतको बोर्डोमिश्रण बनाई वगैंचामा एकनासले छर्ने कफीको सेतो गंवारोले फुल पार्ने मौसम सुरु हुने भएकोले व्यवस्थापनका उपायहरु अवलम्बन गर्ने । |

## फाल्गुन महिनामा गरिने मुख्य मुख्य कार्यहरू

| कफी नर्सरीमा के गर्ने | नयाँ रोपण गर्ने र रोपण गरिएका कफी वगैंचामा के गर्ने | ४/५ वर्ष पुराना कफी वगैंचामा के गर्ने |
|---|---|---|
| पोली ब्यागमा रहेका बेर्ना सार्नको लागि योग्य विरूवा छनोट गरि राख्ने । | कफी वगैंचाहरूको नियमित अवलोकन गर्ने । | कलेजी रंगमा परिणत भई पाकेका चेरीहरू टिप्ने । |
| ०.५ प्रतिशतको बोर्डोमिश्रण बनाई नर्सरी विरूवामा एकनासले छर्ने । | कफी बिरूवालाई चिसोबाट बचाउन स्थानीयस्तरमा पाइने घाँस, बिरूवाका हाँगा काटी कफी बिरूवालाइ चारैतिरबाट छोप्ने । | कफी खरिदकर्ता संग समन्वय गरी फ्रेस चेरी, ड्राई चेरी र पार्चमेन्टको बारेमा कफी बजारको सुनिश्चित गर्ने । |
| नर्सरी सेडहाउसमा चारै तर्फ एग्रोनेट र साधारण प्लास्टिकको प्रयोग गर्ने । | नयाँ पालुवाका लागि मुनाको वृद्धिको सुरूवातको अवस्था रहेकोले मल जलको प्रबन्ध गर्ने । | कफी विरूवामा काटछाँट, कम्पोस्टमल, जैविक तथा प्रङ्गारीक मलको प्रयोग गर्ने । |
| माउबोटबाट बीउ संकलन गर्ने कार्य नियमित रूपमा गर्ने । | झोलमल तथा बानस्पतिक बिषादी बनाई आवस्यकता अनुसार प्रयोग गर्ने । | मल्चिङ्ग तथा छहारीको प्रबन्ध मिलाउने । |
| कफी नर्सरी ब्याडको तैयारी गरी बीउ रोपण कार्य सुरू गर्ने । | कम्पोस्टमल, जैविक तथा प्राङ्गारिक मल बिरूवामा प्रयोग गर्ने । | सेतो गंवारो ब्यवस्थापनका लागि मुख्य काण्ड सफा गरी बोर्डोपेस्ट लगाउने र माटोमा कृषि चुनको प्रयोग गर्ने । |
| नर्सरीको हेरचाह तथा रेखदेख गर्ने | नयाँ वगैंचा बिस्तारकालागि स्थान छनोट र वगैंचा रेखाङ्कनका कार्यहरू गर्ने । | १.० प्रतिशतको बोर्डोमिश्रण बनाई वगैंचामा एकनासले छर्ने । |

## चैत्र महिनामा गरिने मुख्य मुख्य कार्यहरू

| कफी नर्सरीमा के गर्ने | नयाँ रोपण गर्ने र रोपण गरिएका कफी वगैंचामा के गर्ने | ४/५ वर्ष पुराना कफी वगैंचामा के गर्ने |
|---|---|---|
| नर्सरीमा टोपे अवस्थामा आएका बेर्ना पोली ब्यागमा सार्नको लागि तयार गरिएको मिश्रण (१:२:३ बालुवा मल माटो ५x७ वा ६x८ईन्चको पोलीव्यागमा भर्ने । | कफी वगैंचाहरूको नियमित अवलोकन गर्ने । | कलेजी रंगमा परिणत भई पाकेका चेरीहरूको अन्तिम टिपाई गर्ने र बोटमा सुकेर रहेका सबै फल टिप्ने । |
| नर्सरीका विरूवा पोलीब्यागमा सार्ने । | नयाँ पालुवाका लागि मुनाको वृद्धिविकासको सुरूवातको अवस्था रहेकोले छहारीको प्रबन्ध गर्ने । | कफी खरिदकर्तासंग समन्वय गरी फ्रेस चेरी, ड्राई चेरी र पार्चमेन्टको बारेमा कफी बजारको सुनिश्चित गर्ने । |
| नर्सरी वेडमा चिस्यान हेरिकन आवश्यकता अनुसार सिंचाई दिने । | झोलमल तथा बानस्पतिक बिषादी बनाई आवस्यकता अनुसार प्रयोग गर्ने । | कफी बिरूवामा कम्पोस्टमल, झोलमल, जैविक तथा प्राङ्गारिक मलको प्रयोग गर्ने । |
| नर्सरीको हेरचाह तथा रेखदेख गर्ने । | नयाँ वगैंचा बिस्तारकालागि स्थान छनोट र वगैंचा रेखाङ्कनका कार्यहरू गर्ने । | बोट वरीपरी मल्चिङ्ग तथा छहारीको प्रबन्ध मिलाउने । |
| | | सेतो गंवारो ब्यवस्थापनका लागि मुख्य काण्ड सफा गरी बोर्डोपेस्ट लगाउने र माटो जाँच गरी पि.एच ५.५ भन्दा कम भएमा कृषि चुनको प्रयोग गर्ने |







तयारकर्ता: श्री नारायण काफ्ले, वरिष्ठ वागवानी विकास अधिकृत प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, तम्घास,गुल्मी
श्री कृष्ण बहादुर थापा, वरिष्ठ वैज्ञानिक कफी अनुसन्धान कार्यक्रम, भण्डारीडाँडा, गुल्मी
श्री बद्री प्रसाद पौडेल, कफी विकास केन्द्र, आँपचौर, गुल्मी
श्री शमशेर बस्नेत, वैज्ञानिक, कफी अनुसन्धान कार्यक्रम, भण्डारीडाँडा, गुल्मी

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन इकाई, गुल्मी